# सूर्यविनायक नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय,भक्तपुर
# बागमती प्रदेश ,नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सूर्यविनायक नगरपालिका १०७३ भक्तपुर

## Lab Reagents खरिद सम्बन्धी पुनः विद्युतीय बोलपत्र आह्वानको सूचना

(तेश्रो पटक प्रकाशित मितिः २०८०।०९।२३)

यस कार्यालयकोृ चालु आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गत सूर्यविनायक नगर अस्पताल, जगातीका लागि आवश्यकताका आधारमा Lab Reagents बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. विद्युतीय बोलपत्र तपसिलका प्याकेज अनुसार छुट्टा छुट्टै दस्तुर रु.३,०००।- (अक्षेरुपी तीन हजार रुपैया) का दरले फिर्ता नहुने गरी यस सूर्यवनायक नगरपालिकाको NIC ASIA BANK सुर्यविनायक, भक्तपुरमा रहेको आन्तरीक राजस्व खाता नं. ग-१-१-००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कलै भौचर र देहाय बमोजिमको धरौटी रकम - NIC ASIA BANK सुर्यविनायक, भक्तपुरमा रहेको धरौटी खाता नं. ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र दाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानतमा परिवर्तन गर्न पाईने छैन ।

२. बोलपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व ०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३. बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

४. बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको ८ औं दिन (२०८०।१०।०१) दिनको १२:०० बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

५. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह २:१५ बजेदेखि बोलपत्र दाताको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र बिद्युतीय माध्यमबाट खोलिने दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र बिद्युत्तिय बोलपत्र खोलिनेछ ।

७. Lab Reagents सामाग्रीहरु खरिद गर्दा Certified Company बाट उत्पादित मात्र खरिद गरिनेछ ।

८. आपूर्ति हुने Lab Reagents सामाग्रीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ ।

९. सूर्यविनायक नगर अस्पताल हातासम्म Lab Reagents ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्र दाताले उपलब्ध गराउने Lab Reagents सामाग्री स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनका लागि जारी गरिएको सक्कल आधिकारीक पत्र (Authorization Letter) र विदेशी उत्पालन भएमा नेपाल भित्र वितरणका लागि तोकिएको आधिकारीक एजेन्टबाट लिएको सक्कलै आधिकारीक पत्र र सिफारीस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

११. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

१२. बोलपत्र मुल्याङ्कन गर्दा Package wise/Item wise का रुपमा मूल्याङ्कन गर्ने, आंसिक रुपमा स्वीकृत गर्ने र पूर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

**तपसिल :**

| सि.नं | बोलपत्र नं. | विवरण | बैंक जमानत रकम रु | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम रु (फिर्ता नहुने ) |
|---|---|---|---|---|---|
| १. | LAB ३/०८०/०८१ /०३ | Fully Automated Biochemistry Analyzer (Random Daytona Plus) | ९०,०००।- | १२० दिन | ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत